बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

## पुनः प्रस्ताव आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/२६**

पशु सेवा कार्यालय, दोलखाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमसंचालनका लागि दोलखा र सिन्धुपाल्चोक जिल्ला अन्तर्गतका ईच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र निम्न कागजातहरु संग्लग्न राखी पशु सेवा कार्यालय, चरिकोट दोलखा तथा पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुन दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल,

| क्र. स. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | ३० | १ लाख (पुँजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा लागतको बढीमा ८० प्रतिशत र चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत) | दुग्ध उत्पादक सहकारी संस्था | • आवेदक संस्था सूचना प्रकाशन भएको मितिमा स्थापना भएको एक (१) वर्ष पुरा भई दैनिक कम्तिमा १५० (एक सय पचास) लिटर दूध संकलन गरेको हुनु पर्नेछ।<br>• सहकारीमा दैनिक कम्तिमा १० **(दश) लिटर** दूध बिक्रि गर्ने **१५ (पन्ध्र) जना कृषक** हुनु पर्नेछ।<br>• पशुहरुको अनिवार्य बिमा गरेको हुनु पर्नेछ। |
| २. | स्थानीय बाख्रा विकास कार्यक्रम (सिन्हाल-१, खरी-१) | २ (सिन्हाल बाख्रा-१ र खरी बाख्रा-१) | १५ लाख (पुँजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा लागतको बढीमा ८० प्रतिशत र चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत) | कृषक समूह र सहकारी | • कृषक समूहमा कम्तिमा दश (१०) जना स्थानीय जातका बाख्रा पालक कृषक हुनु पर्नेछ। प्रत्येक बाख्रापालक कृषक सदस्यसंग कम्तिमा ५ (पाँच) वटा स्थानीय जातका माउ बाख्रा हुनु पर्नेछ।<br>• बाख्राको अनिवार्य रुपमा बिमा गरेको हुनु पर्नेछ। |
| ३. | दूध उत्पादन वृद्धि कार्यक्रम | १ प्याकेज | **प्याकेज १**<br>- बढीमा ७५ हजार<br>**प्याकेज २**<br>- बढीमा ८० हजार | निजि फार्म | • दैनिक कम्तिमा २० लि. दूध उत्पादन गर्ने कृषकहरु<br>**कार्यक्रम संचालन हुने स्थानः**<br>**दोलखा जिल्लाः** भीमेश्वर न.पा., कालिन्चोक गा.पा., तामाकोशी गा.पा., गौरीशंकर गा.पा., मेलुङ गा.पा. र बैतेश्वर गा.पा.<br>**सिन्धुपाल्चोक जिल्लाः** मेलम्ची न.पा., चौतारा साँगाचोकगढी न.पा., ईन्द्रावती गा.पा., बलेफी गा.पा. |

**आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१) कार्यविधिको अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको स्व-घोषणा पत्र, अनुसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा
२) असल पशुपालन अभ्यास कार्यक्रमका लागि अनुसूची १४ बमोजिमको विवरण।
३) दूध उत्पादन वृद्धि कार्यक्रमकाल लागि अनुसूची-१० बमोजिमको विवरण।
४) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।
५) सहकारी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि।
६) आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
७) समूह/सहकारी संस्थाको बैठक निर्णय प्रतिलिपि (कृषक छनौट गरेको)।
८) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र।
९) कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनु पर्ने)।

पुनश्चः **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०८० यस पशु सेवा कार्यालय, चरिकोट, दोलखाको वेवसाइट https://vetdolakha.gov.np/ बाट डाउनलोड गरी हेर्न सकिनेछ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

## पुनः प्रस्ताव आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/२६**

पशु सेवा कार्यालय, चरिकोट, दोलखाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **दुग्ध क्षेत्र विकासका लागि Green to White Model** अन्तर्गतका तपसिलका क्रियाकलापहरु संचालन गर्न ईच्छुक कृषक समूह/सहकारी/निजि फार्मले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. १० को हुलाक टिकट टाँसी पशुपन्छी तथा **दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०८० को अनुसूची-३ अनुसारका कागजातहरु संग्लग्न राखी अनुसूची-२ बमोजिमको ढांचामा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट दोलखा तथा सम्पर्क कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल,

| क्र. स. | क्रियाकलाप | संचालन गरिने कार्यक्रमहरु | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने स्थान/क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि कार्यक्रम | • परालको उपचार (Physical, Chemical) हे, साइलेज, हेलेज, TMR, UMMB खरिद | लागतको ५० प्रतिशत | कृषक समूह/कृषि सहकारी/निजि फार्म | आवेदकले कम्तिमा ५ वटा दुहुना गाई पालेको हुनुपर्ने | • **दोलखा जिल्ला-** भीमेश्वर न.पा., कालिन्चोक गा.पा. र तामाकोशी गा.पा.<br>• **सिन्धुपाल्चोक जिल्ला-** मेलम्ची न.पा., ईन्द्रावती गा.पा. र चौतारा सौंगाचोकगढी न.पा. |
| २. | प्रविधि अनुसार तथा प्रसार कार्यक्रम | • चाफ कटर खरिद, TMR मेसिन खरिद, गोबर प्रशोधन गर्ने मेसिन खरिद<br>• साइलो पिट निर्माण तथा अन्य आवश्यक उपकरणहरु | लागतको ५० प्रतिशत | कृषक समूह/कृषि सहकारी/निजि फार्म | आवेदकले कम्तिमा ५ वटा दुहुना गाई पालेको हुनुपर्ने | • **दोलखा जिल्ला-** भीमेश्वर न.पा., कालिन्चोक गा.पा. र तामाकोशी गा.पा.<br>• **सिन्धुपाल्चोक जिल्ला-** मेलम्ची न.पा., ईन्द्रावती गा.पा. र चौतारा सौंगाचोकगढी न.पा. |
| ३. | दुधको गुणस्तर वृद्धि कार्यक्रम | • दूध उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण संग सम्बन्धित उपकरण वितरण<br>• टिट डिपिङ, धुनेलो परिक्षण सामग्री खरिद | १० लाख | कृषक समूह/कृषि सहकारी/निजी फार्म | | • **दोलखा जिल्ला-** भीमेश्वर न.पा., कालिन्चोक गा.पा. र तामाकोशी गा.पा.<br>• **सिन्धुपाल्चोक जिल्ला-** मेलम्ची न.पा., ईन्द्रावती गा.पा. र चौतारा सौंगाचोकगढी न.पा. |
| ४. | पशु आहारा आत्मनिर्भर कार्यक्रम | • क्षेत्रफलमा आधारित घाँसे बाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | हिउँदे घाँसको लागिः प्रति हेक्टर रु. २० हजार बहुवर्षीय घाँसको लागि प्रति हेक्टर रु. ४० हजार | कृषक समूह/कृषि सहकारी/निजी फार्म | | • दोलखा र सिन्धुपाल्चोक जिल्ला भर |

आवेदन पत्र साथ संग्लग्न गर्नुपर्ने कागजातहरु,

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२) कृषक समूह/सहकारी/निजि फार्म दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३) आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागजात (सहकारी संस्थाको हकमा),
४) कृषक समूह/सहकारी संस्थाको हकमा कार्यक्रममा सहभागिता सम्बन्धी बैठक निर्णय प्रतिलिपि,
५) जग्गाको स्वामित्व देखिने प्रमाण प्रमाण वा जग्गा भाडामा लिएको खण्डमा सूचना प्रकाशनको मितिले कम्तिमा ५ (पाँच) वर्षको करार अवधि कायम रहेको सम्झौता पत्र,
६) कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस,
७) अनुसूची-४ बमोजिमको कार्ययोजना,
८) अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र,
९) कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र,

पुनश्चः **दुग्ध क्षेत्र विकासका लागि ग्रिन टु ह्वाइट मोडल कार्यक्रम कार्यान्वयन कार्यविधि,** २०८० यस पशु सेवा कार्यालय, चरिकोट, दोलखाको वेवसाइट https://vetdolakha.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ

# बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
# पशु सेवा कार्यालय

चरिकोट, दोलखा

## पुनः प्रस्ताव आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/२६**

यस पशु सेवा कार्यालय, चरिकोट, दोलखाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "पशुपन्छी तथा मत्स्य विकासका लागि बीउ पूँजी कोष परिचालन" कार्यक्रम संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र दोलखा र सिन्धुपाल्चोकका ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन सम्ममा कार्यलय समय भित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजातहरु सहित यस विज्ञ केन्द्र, चरिकोट, दोलखा तथा पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

कार्यक्रम सम्बन्धी विवरण

| आवेदक | बीउ पूँजीको अधिकतम सीमा | सुरक्षण | कैफियत |
|---|---|---|---|
| कृषि फार्म/कृषि कम्पनी/कृषि उद्यमी/कृषक समूह र कृषि सहकारी | परियोजना लगानीको बढीमा ५० प्रतिशत वा बढीमा १० लाख सम्म | परियोजना रकम बराबरको जग्गा रोक्का गरिने (कार्यक्रम सम्झौताको समयमा गरिने) | प्रवाह हुने बीउ पूँजीमा ब्याज लाग्ने छैन |

आवेदनका साथ संग्लग्न राख्नुपर्ने कागजातहरु,

१) बीउ पूँजी परिचालन कार्यविधि, २०८० को अनुसूची-३ अनुसारको आवेदन,
२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
३) संस्था दर्ता तथा नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि,
४) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५) आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्र प्रतिलिपि,
६) लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि (आवश्यक पर्नेको हकमा मात्र)
७) समूह/सहकारीको हकमा बैठक निर्णको प्रतिलिपि,
८) प्राविधिक ईष्टिमेट सहितको व्यावसायिक योजना,
९) पेश भएको जग्गाको लालपुर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस,
१०)स्थानीय तहको वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

पुनश्चः **बीउ पूँजी परिचालन कार्यविधि,** २०८० यस पशु सेवा कार्यालय, चरिकोट, दोलखाको वेबसाइट https://vetdolakha.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।